DOI: https://doi.org/10.3126/cognition.v7i1.74800

# माधवी उपन्यासमा मिथकीय बिम्ब

मुक्तिप्रसाद भण्डारी[१]

***लेखसार***

*प्रस्तुत लेख मदनमणि दीक्षितद्वारा लिखित माधवी उपन्यासको मिथकीय अध्ययनमा केन्द्रित छ । शब्दका माध्यमबाट मस्तिष्कमा पर्ने कुनै पनि वस्तुको छायाँ वा चित्र बिम्ब हो भने त्यस्ता चित्रात्मक गुण भएका बिम्बहरूको निर्माण प्रक्रिया नै बिम्बविधान हो । मिथकीय समालोचनाले कृतिमा प्रयुक्त मिथकको मूल रूपको खोजी, परिवर्तित प्रसङ्ग, आद्यरूपीय चरित्र, मिथकीय परिवेश, मिथकीय बिम्बविधान, मिथकीय सान्दर्भिकता आदिजस्ता पक्षहरूको अध्ययन गर्ने भए तापनि यो लेख मिथकीय बिम्बमा केन्द्रित छ । पुस्तकालयीय अध्ययनबाट प्राप्त प्राथमिक तथा द्वितीयक सामग्रीलाई सघन पाठ विश्लेषण तथा आगमनात्मक तर्कपद्धतिको उपयोगद्वारा विश्लेषण गरी निचोड निकालिएको यो लेख माधवी उपन्यासमा के कस्ता मिथकीय बिम्बहरू प्रयोग भएका छन् भन्ने समस्यामा केन्द्रित रहेकाले उक्त उपन्यासमा प्रयुक्त प्रमुख मिथकीय बिम्बहरूको निरूपण गर्नु नै यस लेखको उद्देश्य रहेको छ । माधवी उपन्यासमा आदिम मानवका प्रकृतिपरक र मनोदेहिक प्रथम अनुभवलाई प्रतिबिम्बित गर्ने आद्य बिम्ब; भूतप्रेत, राक्षस आदि अद्भूत भाव तथा आदिम समयको गणगोत्र चिह्न प्रतिबिम्बित गर्ने किमाकार बिम्ब; जादु, टुनामुना, तन्त्रमन्त्र, कर्मकाण्ड, यज्ञ अनुष्ठान आदिलाई प्रतिबिम्बित गर्ने यातुधार्मिक बिम्ब; लोकप्रसिद्ध नायक, नायिका, ऐतिहासिक पुरुष तथा अलौकिक पात्रलाई प्रतिबिम्बित गर्ने निजन्धारी बिम्ब; धार्मिक आस्था र विश्वासलाई प्रतिबिम्बित गर्ने देवाख्यान बिम्ब; आदिम मानवीय आस्था एवं विश्वासलाई प्रतिबिम्बित गर्ने प्रत्यय बिम्ब आदिको प्रयोग गरिएको छ । यी मिथकीय बिम्बहरूको अध्ययनबाट आदिम मानवका प्रकृति, ब्रह्माण्ड, जन्म, मृत्यु, देवीदेवता, भूतप्रेत आदि सम्बन्धी धारणा र विश्वासलाई बुझ्न सकिन्छ । अतः माधवी उपन्यासका विश्वामित्र, गालव, माधवी, ययाति जस्ता पात्रहरूलाई आदिम मानवका अनुभव, धारणा र विश्वासलाई संवहन गर्ने आद्यरूपीय चरित्र तथा मिथकीय बिम्बका रूपमा प्रस्तुत गरिएको छ । यस्ता आद्यचरित्र र बिम्बहरूको अध्ययनबाट उत्तरवैदिककालीन समाजका मानिसहरूले जीवन र जगत्लाई कसरी हेर्थे भन्ने कुरा बुझ्न सकिन्छ भन्ने निष्कर्ष निकालिएको छ ।*

**शब्दकुञ्जी** : आदिम मानव, आद्यचरित्र, आद्यबिम्ब, उपजीव्य ग्रन्थ, यायावरीय पात्र, श्यामकर्ण घोडा ।

## विषयपरिचय

नेपाली साहित्यका प्रसिद्ध उपन्यासकार मदनमणि दीक्षित (वि.सं. १९७९) द्वारा लिखित *माधवी* महाभारतको उद्योग पर्वमा वर्णित गालव र माधवीको मिथकलाई लिएर लेखिएको उपन्यास हो । पूर्वीय दर्शन र धर्मशास्त्रका ज्ञाता दीक्षितका *माधवी*का अतिरिक्त *द्रौपदी र सीता, मेरी नीलिमा, त्रिदेवी, भूमिसूक्त* लगायतका उपन्यासहरू

---

१. muktibhandari89@gmail.com

Received on Oct. 1, 2024 Accepted on Dec. 28, 2024 Published on Jan. 31, 2025

प्रकाशित छन् । पूर्वीय दर्शन, सभ्यता र इतिहासमा विशेष रुचि देखाउने दीक्षितका सबैजसो उपन्यासमा वैदिक, पौराणिक तथा पूर्वीय जनजीवनमा प्रचलित विविध मिथकहरूको सुन्दर प्रयोग पाइन्छ । यस लेखमा *माधवी* उपन्यासमा प्रयुक्त मिथकीय बिम्बहरूबारे अध्ययन गरिएको छ । जीवन र जगतको सृष्टि, स्थिति र प्रलय सम्बन्धी आदिम मानवले कल्पना गरेका आख्यानमूलक अभिव्यक्ति तथा उनीहरूका अलौकिक शक्ति तथा आदर्शप्रतिका विश्वासहरूको समुच्चयलाई मिथकका रूपमा लिन सकिन्छ भने बिम्ब भन्नाले शब्दका माध्यमबाट मस्तिष्कमा पर्ने कुनै पनि वस्तुको छायाँ वा चित्रलाई बुझिन्छ । यसरी मिथकीय बिम्बले मिथकको प्रयोग गरेर सिर्जना गरिएका बिम्बहरूलाई बुझाउँछ । यस लेखमा माधवी उपन्यासमा उत्तरवैदिककालीन समाजका मानिसहरूका जीवन र जगतप्रतिका दृष्टिकोणहरूलाई प्रस्तुत गर्नका लागि केकस्ता मिथकीय बिम्बहरूको प्रयोग गरिएको छ भन्ने कुराको अध्ययन गरिएको छ । अध्ययनको क्रममा मिथकीय समालोचना पद्धतिलाई आधार बनाइएको छ । मिथकीय समालोचना पद्धतिले कृतिमा प्रयुक्त मूल मिथकको खोजी, परिवर्तित प्रसङ्ग, आद्यरूपीय चरित्र, मिथकीय परिवेश, मिथकीय बिम्बविधान, मिथकीय सान्दर्भिकता आदिजस्ता पक्षहरूको अध्ययन गर्ने भए तापनि मिथकीय बिम्बमा मात्र केन्द्रित हुनु यस अध्ययनको सिमा हो ।

*माधवी* उपन्यासका बारेमा विभिन्न विद्वान् एवम् शोधकर्ताहरूले फरक फरक ढङ्गबाट अध्ययन गरेको पाइन्छ । उपन्यासका लेखक मदनमणि दीक्षित स्वयंले यस कृतिबारे समय समयमा समीक्षात्मक टिप्पणीहरू लेख्दै आएका छन् । चौथो संस्करणको भूमिकामा उनले *माधवी* उपन्यासलाई सुरुमा उत्तरवैदिक उपन्यास भनिएको र यसको समय विक्रमपूर्व एघारौँ शताब्दी उल्लेख गरिएको भए तापनि उपन्यास प्रकाशित भएपछि प्राचीन युगबारे आफूले थप अध्ययन गर्दा त्यो प्राचीन समयको समाजबारे त्यसरी समय तोक्नु अनुचित भएको ठहऱ्याई उक्त समय हटाइएको टिप्पणी गरेका छन् । त्यसैगरी उनले छैटौँ संस्करणको भूमिकामा पनि *माधवी*का विविध आयामबारे चर्चा गरेका छन् तर *माधवी*को मिथकीय पक्षबारे भने खासै चर्चा गरेका छैनन् । मदनमणि दीक्षित विशेषाङ्कका रूपमा प्रकाशित उन्नयन (२०५१, माघ–चैत अङ्क) मा सङ्गृहीत प्रतापचन्द्र प्रधानद्वारा लिखित “मिथक निरूपणका सन्दर्भमा *माधवी*” शीर्षकको लेख मिथकीय समालोचनाका दृष्टिले विशेष महत्त्वको देखिन्छ । यसैगरी कृष्णहरि बराल र नेत्र एटम (२०५६) ले *उपन्यास सिद्धान्त र नेपाली* उपन्यास नामक कृतिमा धारागत आधारमा आधुनिक नेपाली उपन्यासहरूको विश्लेषण गर्ने क्रममा *माधवी*लाई मिथकीय उपन्यासको रूपमा चिनाएका छन् । उनीहरूले जातीय मिथकहरूको व्याख्यामा मानवशास्त्रीय र भौतिकवादी दृष्टिको प्रयोगले *माधवी*लाई मिथकीय धाराको सफल र नेपाली उपन्यास परम्पराकै महान् उपलब्धि भएको निष्कर्ष निकालेका छन् । कुलप्रसाद कोइराला (२०६३) ले *माधवी माथिको अन्तरदृष्टि* नामक कृतिमा *माधवी* उपन्यासलाई विभिन्न कोणबाट विश्लेषण गर्ने क्रममा ‘मिथकीयता’ भन्ने अलग्गै शीर्षकमा व्याख्या विश्लेषण गरेका छन् । कोइरालाले *माधवी*का पात्र, परिवेश, घटना लगायतका धेरै पक्षमा  मिथकको प्रभाव रहेको उल्लेख गरेका छन् । यसका साथै उनले *माधवी* उपन्यासका मिथकीय अभिव्यक्तिलाई मान्छेका लाचार अवस्थाको रागात्मक वा मानवीय अचेतन मनको अभिव्यञ्जना गर्ने उपकरणका रूपमा आएका सहायक सामग्रीका रूपमा पनि लिन सकिने स्थिति रहेको कुरा उल्लेख गरेका छन् । उपर्युक्त विभिन्न अध्येताहरूले *माधवी* उपन्यासलाई फरक–फरक दृष्टिकोणबाट अध्ययन गर्ने क्रममा उपन्यासमा प्रयुक्त मिथकबारे केही चर्चा गरेको भए तापनि यही उपन्यासमा केन्द्रित भएर मिथकीय समालोचना पद्धतिका आधारमा गहन अध्ययन गरेको पाइएन । यसर्थ

मिथकीय समालोचना सिद्धान्तका आधारमा *माधवी* उपन्यासमा प्रयुक्त मिथकीय बिम्बहरूबारे अध्ययन गर्नु औचित्यपूर्ण देखिन्छ। यस अध्ययनमा मिथकीय समालोचना पद्धतिले तय गरेका कृति विश्लेषणका आधारहरूमध्ये मिथकीय बिम्बविधानलाई आधार बनाई उपन्यासमा प्रयुक्त आद्य बिम्ब, किमाकार बिम्ब, यातुधार्मिक बिम्ब, निजन्धरी बिम्ब, देवाख्यान बिम्ब र प्रत्यय बिम्बलाई उदाहरणसहित पुष्टि गरिएको छ।

## अध्ययनविधि

प्रस्तुत लेख तयार पार्ने क्रममा आवश्यक सामग्रीको सङ्कलनका लागि पुस्तकालयीय अध्ययन विधिलाई अवलम्बन गरिएको छ। मदनमणि दीक्षितको *माधवी* उपन्यास यसको प्राथमिक सामग्री हो भने मिथक र मिथकीय समालोचना पद्धतिसँग सम्बन्धित सैद्धान्तिक पुस्तक, जर्नल तथा शोध ग्रन्थहरू द्वितीयक सामग्री हुन्। प्रस्तुत अध्ययन गुणात्मक प्रकृतिको भएकाले सङ्कलित सामग्रीको अर्थापनका लागि मूलतः सघन पाठविश्लेषण पद्धतिलाई अँगालिएको छ र विषयको पुष्ट्याइँका लागि आगमनात्मक तर्क पद्धतिको उपयोग गर्दै मिथकीय बिम्बविधानलाई सङ्केत गर्ने उपन्यासकै साक्ष्यहरूका आधारमा निष्कर्ष निकालिएको छ।

## मिथकीय समालोचनाको सैद्धान्तिक स्वरूप

मिथक अङ्ग्रेजीको 'मिथ' शब्दमा संस्कृत मूलको 'क' प्रत्यय लागेर बनेको शब्द हो। अङ्ग्रेजीको 'मिथ' शब्दको व्युत्पत्ति ग्रिसेली भाषाको मौखिक वाणी अर्थ दिने 'माइथस' वा 'मुथोस' शब्दबाट भएको हो। समयको परिवर्तनसँगै मिथक शब्दको अर्थ विस्तार भई यसले कथानक, कथा, निचोड, राय, दन्त्यकथा, किंवदन्ती, आप्तवचन, अतर्क्य कथन जस्ता अनेक अर्थ बहन गर्न थालेको छ। सङ्क्षिप्त साहित्यिक शब्दकोशका अनुसार मिथकले जीवन र सृष्टिको आरम्भ, धार्मिक विश्वास, अतिमानवीय प्राकृतिक शक्ति आदिबारे आदिम जाति वा राष्ट्रमा उत्पत्ति भएका मौखिक आख्यानमूलक लोक सम्पदालाई बुझाउँछ। यसर्थ आलोचनाविहीन रूपमा स्वीकृत कुनै अवस्तुगत विश्वास नै मिथक हो।

कृति विश्लेषणका अनेकौँ आधारहरूमध्ये मिथकीय आधार पनि एक हो। मिथकीय समालोचनाको प्रारम्भमा दार्शनिक कान्ट, नित्से र वर्गसाँ जस्ता दार्शनिकहरूको धारणाको प्रभाव रहेको छ। कान्टले सृष्टि सञ्चालनको परोक्ष सत्ता भनेको ईश्वर हो भनेका छन्। नित्सेले अतिमानवीय कल्पना र वर्गसाँले अतीतको अस्तित्व कहिल्यै समाप्त हुँदैन भन्ने धारणा व्यक्त गरेका छन्, जुन आजसम्म पनि यथावत् छ (नगेन्द्र, सन् १९८६, पृ.७१)। एम.एच.अब्राम्सका अनुसार साहित्यिक समालोचनाका क्षेत्रमा नवसमालोचनाले ल्याएको शुष्क प्रणाली बिरुद्ध यसको उदय भएको हो। बिसौँ शताब्दिको मध्यतिर साहित्यिक कृतिको व्याख्याका क्रममा मिथकलाई एउटा साधनका रूपमा प्रयोग गरिए तापनि मिथक पनि समालोचनाको विषय वा अध्ययन क्षेत्र बनेको हो (अब्राम्स, सन् २०१०, पृ. १०९)।

मिथकमा आदिम मानव समुदायका ब्रह्माण्ड, प्रकृति, जन्म–मृत्यु आदि बारेका धारणा, अनुभूति र विश्वासहरू सङ्गृहीत हुने भएकोले मिथकीय अध्ययनविना मानव सभ्यताको अध्ययन असम्भव हुने ठान्दै मानवशास्त्री, मनोवैज्ञानिक र भाषाशास्त्रीहरूले पनि मिथकीय समालोचनामा कृतिको विश्लेषण गरेको पाइन्छ। मनोवैज्ञानिक फ्रायडले मिथकलाई अतृप्त इच्छाहरूको पूर्तिका साधनका रूपमा लिएका छन् भने युङ्गले सामूहिक अवचेतनका

रूपमा लिँदै आद्यविम्बहरूलाई मिथक मानेका छन् । भाषाशास्त्री म्याक्समुलर र लेभी स्ट्रस मिथकको जन्म भाषाबाट भएको भन्ने धारणा प्रस्तुत गर्दछन् । यी समालोचकहरूका अध्ययनले मिथकलाई नयाँ ढङ्गमा विश्लेषण गरेको पाइन्छ, जसबाट मिथकीय समालोचना पद्धति स्थापित हुन पुग्यो ।

मिथकीय समालोचना पद्धतिको प्रारम्भकर्ताका रूपमा चिनिने गिल्वर्ट मरे, कर्नफर्ड, कुक आदि जस्ता मानवशास्त्रीहरूले मिथकलाई धार्मिक अनुष्ठानको प्रेरणाको स्रोतका रूपमा विश्लेषण गरेका छन्। गिल्वर्ट मरेले सेक्सपियरका नाटक "हेम्लेट" र "ओरेस्टिज" मा रहेको मिथकीय स्रोतको तुलनात्मक अध्ययन प्रस्तुत गरेका छन् नगेन्द्र, १९८७ पृ.७३) । मिथकीय समालोचनाले मिथक र साहित्यका बिच सम्बन्ध हुन्छ भन्ने मान्यता राख्दछ । मिथक र साहित्य दुवैको रचनामा कल्पना तत्त्वको समान रूपमा प्रयोग गरिएको हुन्छ । दुवैमा मानवीय कल्पना, संस्कृति, धर्म आदि सार्वजनिक रूपमा प्रस्ततु भएको हुन्छ । महेन्द्रकुमार मल्लले मिथकीय समालोचनाको प्रवृत्ति भनेको साहित्यमा अभिव्यक्त हुने मानवीय क्रियाकलाप, संस्कृति आदिका सार्वजनिक रूपमा प्रस्तुत हुने महत्त्वपूर्ण भूमिका खेल्ने आद्यबिम्बहरूको खोजी गर्नु हो भन्ने विचार प्रस्तुत गरेका छन् (मल्ल, २०६८, पृ.१०५) । यसरी हेर्दा साहित्यको शोध/अनुसन्धान गर्ने क्रममा विकसित भएका अनेकौँ पद्धतिहरूमध्ये मिथकीय समालोचना पद्धति पनि एक हो । यसले साहित्यिक कृतिमा आदिम मानवका प्रकृति, ब्रह्माण्ड, जन्म–मृत्यु, सृष्टि–विनास, भूतप्रेत, देवीदेवता आदिसम्बन्धी अनुभव, धारणा र विश्वासको प्रभावबारे अध्ययन गर्दछ ।

## मिथकीय बिम्ब

बिम्ब अङ्ग्रेजी 'इमेज' शब्दको पर्यायका रूपमा नेपालीमा प्रयोग हुने शब्द हो । जसको अर्थ छायाँ, चित्र, प्रतिबिम्ब आदि हुन्छ । सङ्क्षिप्त साहित्यिक शब्दकोशका अनुसार बिम्बले आँखा, नाक, कान आदि इन्द्रियद्वारा ग्रहण गरिने मूर्त भाषिक युक्तिलाई र बिम्बविधानले एउटा शब्द र पदावलीद्वरा चित्रात्मक गुण भएका कलात्मक बिम्ब निर्माण गर्ने कार्यलाई बुझाउँछन् (पृ. १७२-१७३) । कृष्णहरि बराल र नेत्र एटमका अनुसार बिम्ब भनेको मस्तिष्कमा पर्ने कुनै पनि वस्तुको छायाँ हो । उपन्यासमा यस्तो छायाँ बसाउने माध्यम भाषा हुन्छ भने शब्दका माध्यमबाट श्रोता वा पाठकका मस्तिष्कमा कुनै स्थिति, स्थान, घटना वा पात्रको यथार्थसदृश छायाँ पारिदिने पद्धतिलाई बिम्बविधान भनिन्छ (बराल र एटम, २०५६, पृ.४२) । बिम्ब उपन्यासको प्रकृतिअनुसार फरक फरक खालका हुन्छन् । जगदीशप्रसाद श्रीवास्तवलाई उद्धृत गर्दै नारायणप्रसाद गड्तौलाले मिथकीय उपन्यासमा आद्य बिम्ब, ब्रह्माण्ड बिम्ब, किमाकार बिम्ब, यातुधार्मिक बिम्ब, निजन्धारी बिम्ब, देवाख्यान (पौराणिक) बिम्ब आदिको प्रयोग पाइने उल्लेख गरेका छन् (गड्तौला, २०६८, पृ.५९) । यहाँ यिनै विभिन्न प्रकारहरूलाई आधार बनाई *माधवी* उपन्यासमा प्रयुक्त मिथकीय बिम्बहरूबारे चर्चा गरिन्छ ।

## विमर्श र परिणाम

*माधवी* महाभारतको मिथकलाई लिएर उत्तरवैदिक समाजका विविध आयामको चित्रण गर्ने उद्देश्यले लेखिएको उपन्यास हो । यस उपन्यासमा गालव र माधवीजस्ता यायावरीय अर्थात् घुमन्ते पात्रको माध्यमबाट तत्कालीन भारतवर्षका विभिन्न स्थानका समाज, संस्कृति, विश्वास, मूल्यमान्यता आदिजस्ता विविध पक्षको चित्रण गरिएको छ। उपन्यासका मुख्य पात्रहरू माधवी र गालव स्वयंमा आद्यरूपीय चरित्र भएकाले उनीहरूले

अवलोकन र अनुभव गरेका प्रकृति, भूतप्रेत, तन्त्रमन्त्र, जातीय पहिचानका विविध चिन्हहरू, देवीदेवतासम्बन्धी विश्वास सबै आदिम मानवका अनुभूति, धारणा र विश्वासका रूपमा देखिन्छन् । यस उपन्यासमा मूल कथ्य विषयलाई प्रभावकारी एवं सम्प्रेषणीय बनाउनका लागि विभिन्न मिथकीय बिम्बहरूको प्रयोग गरिएको छ। यसप्रकारका मिथकीय बिम्बहरूका माध्यमबाट आदिम मानवका अनुभूति, धारणा, विश्वास आदिजस्ता कुराहरू उद्घाटित भएका छन् । *माधवी* उपन्यासमा प्रयुक्त प्रमुख मिथकीय बिम्बहरूलाई यहाँ प्रस्तुत गरिएको छ ।

**आद्य बिम्ब**

आद्यबिम्ब आदिम मानवद्वारा अनुभूत गरिएका बिम्बहरू हुन् । यस्ता आद्यबिम्बलाई प्रकृतिपरक प्रथमानुभव र मनोदेहिक प्रथमानुभव गरी दुई वर्गमा विभाजन गरिएको पाइन्छ (गड्तौला, २०६८, पृ.१५८) । आदिम मानवका प्रकृतिसम्बन्धी प्रथम अनुभवलाई प्रकृतिपरक आद्यबिम्बका रूपमा लिइन्छ भने प्रेम, करुणा, भय जस्ता आदिम मानवीय भावलाई प्रतिबिम्बन गर्ने बिम्बलाई मनोदेहिक आद्यबिम्ब भनिन्छ। प्राकृतिक आद्यबिम्ब अन्तर्गत आदिम मानवले अनुभव गरेका वन, नदी, पहाड, पर्वत, झरना, ऋतु आदि पर्दछन् भने मनोदेहिक आद्यबिम्बअन्तर्गत प्रेम, करुणा, भय आदिजस्ता आदिम मानवीय भावहरू पर्दछन् । यहाँ *माधवी* उपन्यासमा प्रयुक्त प्रकृतिपरक र मनोदेहिक आद्यबिम्बको विश्लेषण गरिन्छ ।

*माधवी* उपन्यासमा उपन्यासकार मदनमणि दीक्षितले प्रकृतिपरक आद्यबिम्बहरूलाई प्रशस्त मात्रामा प्रयोग गरेका छन् । यस उपन्यासमा प्रकृतिका वन, नदी, तलाउ, पहाड, पर्वत, विभिन्न ऋतु, वन्यजन्तुहरू, वर्षा, ग्रहण आदि जस्ता विभिन्न रूपहरूको चित्रण गरिएको छ। प्रकृतिका यी विभिन्न रूपहरू आदिम कालदेखि मानवीय अनुभूतिमा सङ्गृहीत भएका देखिन्छन् र यिनीहरू साहित्यमा आद्यबिम्बका रूपमा प्रयोग भएको देखिन्छ। श्यामकर्ण घोडा प्राप्तिको लागि यात्रारत माधवी र गालवले विभिन्न स्थानहरूमा प्रकृतिका अनेकौँ रूपहरूको अवलोकन तथा अनुभव गरेका छन् । काशी यात्रामा निस्केका माधवी र गालवले झञ्झावात अर्थात् आँधीबेहरीको सामना गर्नु पर्दाको घटनाले प्रकृतिको रौद्र रूप र उक्त अवस्थामा मानवले अनुभूत गर्ने भय र सन्त्रासको भाव अभिव्यक्त गरेको छ। प्रकृतिका विभिन्न अवस्थाहरूले मानव हृदयमा अनेकौँ झंकार पैदा गराएको देखिन्छ। प्रकृतिको रौद्रावस्था देख्दा मानव हृदयमा भय र सन्त्रास मात्र नभई प्रेम भाव पनि अङ्कुरित हुने कुरा काशी यात्राका केही प्रसङ्गले पुष्टि गर्दछन् । उदाहरणका लागि :

> धुलो उडेर ती तिनै जनाका मुख नै फरक देखिन थालेको थियो । माधवीको मुख देखेर गालव हाँस्थ्यो र गालवको मुख देखेर माधवी हाँस्थी। मार्गमा रथ हच्किएर ती दुबैलाई एक अर्कासित ठक्कर खुवाइदिन्थ्यो र ती दुबै झन् आनन्दित भएर हाँस्थे । (दीक्षित, २०७४, पृ.२६७)

त्यस्तै आँधीबेहरीको समयमा भयभीत भएका गालव र माधवी एकअर्कालाई अङ्गालो हालेर बसेको प्रसङ्गले प्रकृतिको विषम परिस्थितिका बिच टुसाएको मानवीय प्रेम भावलाई अभिव्यक्त गरेको छ भने वर्षापछि शितलताको अनुभूतिमा गालवले माधवीलाई सम्झेर मुटुमा गाँठो परेको प्रसङ्गले प्रकृति र मानव बिचको भावनात्मक सम्बन्धलाई अभिव्यक्त गरेको छ। यसै प्रसङ्गमा उपन्यासकार लेख्छन्–

> वायुसँगै पहिला जलधारा आएका थिए र तप्तवायुलाई मोहक शितलता प्रदान गरेका थिए। त्यो सार्वत्रिक आनन्द मोहकतामा मुग्ध भएर गालवले आफूलाई दिशाहरूमा विलीन हुन अर्पित गऱ्यो र सुखका ती क्षणमा माधवीलाई सम्भिmएर उसको मुटुमा गाँठाहरू परिरहे। (दीक्षित, २०७४, पृ.३३०)

यस प्रसङ्गले मानवीय प्रेम भावलाई उद्दीप्त पार्नका लागि प्रकृतिका विविध रूपहरूले महत्त्पूर्ण भूमिका निर्वाह गर्दछन् भन्ने कुराको पुष्टि गर्दछ।

यसरी हेर्दा प्रकृतिको काखमा हुर्केको आदिम मानवमा भय, करुणा, प्रेम अदि भावहरूलाई उद्दीप्त पार्नका लागि प्रकृतिका अनेकौँ रूप र छटाहरूले महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ। यसै प्रसङ्गलाई थप पुष्टि गर्नका लागि उदाहरण स्वरूप अर्को एउटा भनाइलाई हेरौँ : "अनि तेम्रा थोपाहरूले ती धुलोलाई धुँदै पृथ्वीमा नै आत्मसात गराए। गालव हेरिरहेको थियो र जलन भएर शुष्क भएको धुलो बुङबुङती उड्ने गरिरहेकोमा जलको वर्षाले शुरुमा धुलो नै झन् उड्नेबाट माटोको सिञ्चन गरेको देखेर प्रकृतिको विचित्र चित्रप्रति मुग्ध भयो" (दीक्षित, २०७४, पृ.३३०)। यसबाट प्रकृतिका विभिन्न रूपहरूसँग मुग्ध हुने तथा रमाउने आदिम मानवीय स्वभावलाई गालवका माध्यमबाट अभिव्यक्त गरिएको छ। काशीमा माधवी र गालवलाई स्वागत गर्ने क्रममा देखिएका विभिन्न दृश्यहरूको वर्णन गर्दै उपन्यासकार दीक्षित लेख्छन्–

> अब पातका टपरीमा बालिएका सहस्र–दीपहरू गङ्गालाई दान गर्दै दिवोदास–नौकाबाट पानीमा बगाउन थालिए। त्यो नाउबाट दीपमालिका बग्न थाल्नु के थियो मध्यगङ्गामा अर्धचन्द्राकारमा लहरै उभिएका ती कैयौँ ठूला–साना नौकाहरूबाट सहस्रौं दीयाहरू पातका दुनाहरूमा समेत पानीमा उभिएर झिलिमिली गर्दै नाच्न थाले। आकाशका तारापुञ्ज गङ्गाप्रवाहमा आएर लुकामारी खेलिरहेजस्तो देख्यो गालवले। ती तारा नदीमा ओर्हिलएर प्रस्ट तवरमा गतिमान भएका थिए र प्यारा–प्यारा कोमल शिशुजस्ता बिम्बयुक्त। यसबिच त्यो आनन्दी रातमा कैयौं नौकाहरूमाथि मधुर सङ्गीत चलिरह्यो र गङ्गाको प्रवाहमाथि नै दशमीको त्यो उज्यालो चन्द्रमा ती दीपमालिकासित लुकामारीझैं खेल्न थाल्यो। (दीक्षित, २०७४, पृ.३२४)

यस प्रसङ्गले मानवीय सुख–दुःखमा प्रकृतिले पनि साथ दिने आदिम मानवीय विश्वास प्रतिबिम्बित भएको छ। गङ्गाको पानीमा आकाशका ताराहरूलाई प्रतिबिम्बित भएको देख्दा साना साना शिशुहरूको कल्पना गर्नुले मानव र प्रकृतिबिचको भावनात्मक सम्बन्धलाई प्रतिबिम्बित गरेको छ।

यसैगरी आदिम मानवका प्रथम भाव मानिने प्रेम, करुणा र भयलाई पनि उपन्यासकार दीक्षितले प्रशस्त मात्रामा प्रयोग गरेका छन्। मूलतः उपन्यासका प्रमुख पात्रहरू माधवी र गालवका माध्यमबाट मानवीय प्रेम, करुणा, भय आदिजस्ता आदिम भावलाई प्रकट गरिएको छ जुन आद्य बिम्बका रूपमा चिनिन्छ। श्यामकर्ण घोडा प्राप्तिका लागि यात्रारत माधवी र गालवका बिचको परस्पर प्रेम र सद्भावले आदिम मानवीय प्रेमको उद्घाटन गरेका छन् भने बरुणवलीको बेला आफ्नो पुत्रलाई आगोमा होम्न लाग्दा अत्तालिएकी दास नारीप्रति माधवीले देखाएको करुणा, मृत्युदण्ड पाएको दासप्रति गालवले देखाएको करुणा तथा अयोध्यामा माधवी बिरामी पर्दा गालवले पुऱ्याएको सेवा सुश्रुषा र काशीमा गालव बिरामी पर्दा माधवीले गरेको सेवा र समर्पणले आदिम मानवीय भावको प्रतिबिम्बन गरेका छन्।

यसप्रकार *माधवी* उपन्यासमा प्रयुक्त आद्यबिम्बहरूले आदिम मानवले प्रकृतिका सान्निध्यमा रहेर अनुभव गरेका अनेकौँ घटनाहरू तथा प्रेम, करुणा, भय जस्ता आदिम भावलाई अभिव्यक्त गरेका छन् । यसप्रकारका आद्यबिम्बहरूको प्रयोगले उपन्यासमा थप गम्भीरता प्रदान गरेको छ। अतः आदिम मानवका प्राकृतिक प्रथमानुभव र मनोदेहिक प्रथमानुभव नै *माधवी* उपन्यासमा प्रयुक्त प्रमुख आद्यबिम्ब हुन् ।

**किमाकार बिम्ब**

अद्भूत, अनौठो वा असामान्य आकार प्रकार र भावसँग सम्बन्धित बिम्बलाई किमाकार बिम्ब भनिन्छ। यसमा भूतप्रेत, राक्षस आदि र तिनका प्रवृत्तिजन्य भाव व्यक्त गर्ने बिम्बहरू पर्दछन् । श्रीवास्तवका अनुसार यो विरूपतासँग सम्बन्धित हुनाका साथै यसमा भयावहता र विस्मयजनकताजस्ता गुण विद्यमान रहन्छन् (श्रीवास्तव, १९८५ पृ.२७७) । आदिम समयको गणगोत्र चिह्न व्यवस्थालाई समेत किमाकार बिम्बअन्तर्गत राखिन्छ। यसलाई पशुरूप किमाकार बिम्ब भन्ने गरेको पाइन्छ। *माधवी* उपन्यासमा यस्ता भूत, प्रेत, राक्षस आदि अद्भूत भावलाई बुझाउने तथा आदिम समयको गणगोत्र चिह्न प्रतिबिम्बित गर्ने पशुरूप किमाकार बिम्बहरूको प्रशस्त प्रयोग गरिएको छ।

अहिच्छत्रमा नागजेय र गालवले वरुणवलीका क्रममा देखेको डरलाग्दो दृश्यले किमाकार बिम्बको संवहन गरेको छ। उक्त वरुणवलीको वर्णन यसरी गरिएको छ–

> उपवनको त्यस अग्लो ठाउँमा मानवाकृतिको माटोको एउटा भीमकाय मूर्ति तिनीहरूले देखे । देब्रे घुँडा टेकेर बसेको त्यो दश हातजति अग्लो माटाको मूर्तिको डेढ हात फराकिलो मुख आँ गरिरहेको थियो । मूर्तिका दुई हात पानी खाँदो मानिसलेझैँ अँजुली बाँधेर ओठमा ठड्याइएका थिए । भीमकाय तीखा र काला दाँत र उछुट्टिएका दाह्रा भएको त्यो विकराल मूर्तिका ठूला ठूला नाक, आँखा र कानका प्वालबाट निरन्तर आगोको ज्वाला र धूँवाको मुस्लो निस्किएको थियो । मूर्तिको नाइटोमा रहेको ठूलो प्वालमा मूढाहरू कोचेर पेटभित्र दन्कोट आगो बालिएको देखेर गालवको भय र त्रासको सीमा रहेन। त्यो मूर्तिलाई घेरेर चारैतिर शस्त्रास्त्रधारी नाग–असुरहरू उभिएका थिए र बारम्बार मदिरापान गरिरहेका थिए। (दीक्षित, २०७४, पृ.२१)

यस प्रसङ्गमा आएको अद्भूत एवं डरलाग्दो वरुण मूर्तिले आदिम मानवले कल्पना गरेका मृत्युका देवता वरुणको बिम्बलाई संवहन गरेको छ। आदिम मानवले कल्पना गरेका त्यस्ता डरलाग्दा एवं अद्भूत देवता तथा राक्षसहरू आजको मानिसले पनि अवचेतनमा बोकेर हिँडिरहेको छ। उक्त आदिम चिन्तनलाई अहिले पनि विभिन्न लेखक/कलाकारहरूले बिम्बका रूपमा प्रयोग गरिरहेको भेटिन्छ। वरुण वलीकै क्रममा आएको अर्को प्रसङ्गले वरुणको किमाकार रूप र त्यसबाट आदिम मानवीय चेतनामा पर्न गएको छापलाई प्रतिबिम्बित गरेको छ।

> हलिमकले छेउकी नारीको काखबाट उसको छोरालाई हातमा समातेर झुण्ड्याउँदै माधवीतिर लग्यो । त्यसबेलासम्म लिस्नुलाई वरुणको गालामा अड्याएर त्यसमा एउटा दास चढिसकेको थियो। हलिमकका हातबाट माधवीले बालक लिई र फरक्क फर्केर लिस्नुको दासतिर हुत्याइदिई । लिस्नुमा

> अडेको दासले टक्क समातेर त्यो चिच्याउँदो बच्चोलाई वरुणको अञ्जलीमा स्वाट्ट हालिदियो। सभाको दृष्टिबाट बच्चो वरुणको ज्वालामुखी मुखमा लोप हुँदा एउटा शिशु–चित्कार सुनियो। (दीक्षित, २०७४, पृ.२१)

यस प्रसङ्गले वरुणलाई मान्छेको बली दिइएको अत्यन्तै भयावह स्थितिको चित्रण गरेको छ। भय, त्रास र विस्मय जस्ता आदिम मानवीय भावलाई संवहन गर्ने यो अर्को किमाकार बिम्ब हो।

किमाकार बिम्बको अर्को महत्त्वपूर्ण पक्ष पशुरूप बिम्ब हो। पशुरूप किमाकार बिम्ब भन्नाले आदिम समयको गणगोत्र चिह्न व्यवस्थालाई बुझिन्छ। *माधवी* उपन्यासका प्रमुख पात्रहरू माधवी र गालव श्यामकर्ण घोडाको खोजीमा देशदेशान्तर यात्रा गर्ने क्रममा विभिन्न स्थानका मानिसहरूले अपनाएका जीवनशैलीलाई प्रत्यक्ष अवलोकन गर्दै हिँडेका छन्। यस क्रममा उनीहरूले अनेकौँ जातीय पहिचानका गणगोत्र चिह्नहरू समेत देखेका छन्। मित्र नागजेयलाई भेट्न मण्डलक जनपदतर्फ जाँदै गर्दा बाटोमा भेटिएको वीरभद्र वर्धकीले आफ्नो गोत्र थाहा पाउँदा गालव चकित भएको छ। वास्तवमा गालव स्वयंले पनि आफ्नो गणगोत्र चिह्न लगाएर हिँडेको थियो भन्ने कुरा यस प्रसङ्गबाट पुष्टि हुन्छ–

> “तिमीसित अश्मा र ऊर्ण रहेनछन्। ल मसित छन्। गोत्र कसरी थाहा पाएँ रे ? तिम्रो देब्रे पाखुरामा ती भष्माङ्कित त्रिदण्ड त्यसै धारण गरेको त ? कौशिकहरूको त्यो ललाम हो गालव ! आफ्नै कुरा तिमीलाई थाहा छैन ! हेर हामी ऋभुको चिह्न यो परशु हो। परशु नलिई हामी हिँड्नु हुँदैन। तिम्रो ललाम पनि त्यस्तै हो। बरु त्यो धोइएछ, अहिले अग्निबाट भस्मसंस्कार गरेर त्रिदण्ड बनाइहाल” भन्दै बटुवाले कम्बरबाट बञ्चरो झिकेर माछा काट्न र ताछ्न थाल्यो। (दीक्षित, २०७४, पृ.२७)

यस प्रसङ्गबाट गालव स्वयं कौशिक गोत्रीय भएकाले आफ्नो गणगोत्र चिह्नस्वरूप भष्माङ्कित त्रिदण्ड धारण गरेको र वर्धकी ऋभु गोत्रीय भएकाले परशु अर्थात् बञ्चरो धारण गरेर हिँहेको कुरा स्पष्ट हुन्छ। तत्कालीन भारत वर्षमा विभिन्न जातजातिका मानिसहरूले आ–आफ्नो गणगोत्र धारण गरेर हिँड्ने तथा गणगोत्र चिह्न धारण नगरेको मानिसलाई जुनसुकै बेला पनि अर्को समूहले हत्या गर्न सक्ने व्यवस्था रहेको देखिन्छ। यसबाट आदिम मानवले आफ्नो पहिचानको लागि गणगोत्र चिह्न धारण गर्दथे भन्ने स्पष्ट हुन्छ। जसलाई आज पनि आदिम मानवीय धारणाको प्रतिबिम्बका रूपमा कला/साहित्यमा किमाकार बिम्बको रूपमा प्रयोग गरिँदै आएको छ। यसै प्रसङ्गलाई थप पुष्टिका लागि गालव मण्डलकबाट अहिच्छत्र जाँदै गर्दा बाटोमा देखेको दृष्यलाई लिन सकिन्छ।

> अहिच्छत्र जान लागेकाहरू पनि विचित्र वेशभूषा, रङ्ग र भाषाका नरनारी थिए। तीमध्ये धेरै, झण्डै सबैसित आ–आफ्ना गणचिह्न थिए। कसैका वयलमा सर्प थिए त कसैका घाँटीमा नागरूपका माला। केही मयुरपङ्खे श्रीपेचमा थिए भने कसैले कानमा कौडी झुण्ड्याएका थिए। उसले गोलाङ्गुल जातिका मानिस पनि देख्यो। तिनले कम्बरमा डोरी बाँधेर गाईका पुच्छरजस्ता झुण्ड्याएका थिए। अनि कयौँ यात्रीका पिठ्युँमा विविध आकृतिका मुकुण्डा झुन्डिएका थिए। हात्ती, कछुवा, वानर, भालु इत्यादिका मुख देखाउने काठका वा छालाका ती मुकुण्डा कसैले त मुखमै पनि भिरेका थिए। दीक्षित, २०७४, पृ.६६)

यस प्रसङ्गले तत्कालीन समाजमा विभिन्न जातिहरूले आफ्नो जातीय पहिचानका लागि आफ्नो गणगोत्र चिह्न लिएर हिँड्ने गरेको कुरालाई थप पुष्टि गर्दछ। तत्कालीन समाजले अपनाएको यो अनौठो पद्धतिले आदिम मानवले आफ्नो अस्तित्व रक्षाका लागि गरेका विविध गतिविधिलाई सङ्केत गर्दछ। आजको मानिसले पनि आ–आफ्नो जातीय पहिचानका लागि विभिन्न वेशभूषा, संस्कृति आदिलाई अपनाएकै छ। अतः आदिम मानवका ती जातीय गणगोत्र चिह्नहरू मिथकीय बिम्बका रूपमा प्रयोग हुँदै आएका छन्।

**यातुधार्मिक बिम्ब**

मिथकीय उपन्यासमा पाइने अर्को महत्त्पूर्ण बिम्ब यातुधार्मिक बिम्ब हो। यसअन्तर्गत जादु, टुनामुना, तन्त्रमन्त्र, कर्मकाण्ड, धार्मिक विधिनिषेश र यज्ञानुष्ठान आदि जस्ता कुराहरू समेटिन्छन्। मिथकको सम्बन्ध आदिम मानिएका जादु, टुनामुना, मन्त्रतन्त्रजस्ता वस्तुसँग भएको हुँदा यस प्रकारका बिम्बलाई यातुधार्मिक बिम्ब भनिएको हो (गड्तौला, २०६८, पृ.६०)। *माधवी* उपन्यासमा अनेक तान्त्रिक समाजको चित्रण गरिएको छ। ती समाजमा खासगरी सन्तान उत्पादन, रोगहरूको उपचार तथा भूतप्रेतादि अलौकिक शक्तिलाई रिझाउने वा तिनीहरूको भयबाट मुक्त हुने सन्दर्भमा यस्ता तन्त्रहरूको व्यापक प्रयोग गरिएको देखिन्छ। यिनै तन्त्रमन्त्र, यज्ञ आदिका जादुमय कुराहरू नै *माधवी* उपन्यासमा यातुधार्मिक बिम्बका रूपमा रहेका छन्।

सर्वप्रथम श्यामकर्ण घोडा प्राप्तिको लागि यात्रारत गालव मण्डलक जनपदस्थित आफ्नो मित्र नागजेयको घरमा पुग्छ र त्यहाँ नागजेयकी पत्नी जायाको साथमा पुत्रमन्थ तन्त्र अर्थात् पुत्रेष्टि यज्ञ गराउँछ। पुत्रेष्टि यज्ञको सन्दर्भमा तान्त्रिक शङ्खग्रीबलाई समेत आमन्त्रण गरिने प्रसङ्ग आएको छ। कतै टाढाको शङ्खध्वनि सुनेर चकित भएको गालवलाई नागजेयले सम्झाउँदै भन्छ–

> गालव ! तिमी किन त्यस्तो सम्भ्रम भयौ त, हिजो साँझ पनि त्यो ध्वनि थियो, सुनेका थिएनौ ? हो, तिमीलाई महाकापालिक शङ्खग्रीवबारे बताएको पनि त थिइनँ मैले। मनुष्यका नलीहाडको वेणु बजाएर ती महाकापालिक निशाचर यातुधान तथा भूतप्रेतबाट जनपदको रक्षा गर्छन्। ग्रामान्तको श्यामशानका ती महाकापालिक आफ्ना शिष्यहरूका साथ बास गर्छन्। भोलिको पुत्रमन्थमा तिनलाई पनि मैले निम्ता पठाएको छु गालव। (दीक्षित, २०७४, पृ.४५)

यस प्रसङ्गबाट तन्त्रमन्त्रमा विश्वास गर्ने तत्कालीन समाज र तान्त्रिकहरूका अद्भूत दिनचर्याहरूको चित्रण भएको छ। शङ्खग्रीवको जादूमय व्यक्तित्वले आदिम मानवले कल्पना गरेको शक्तिशाली एवं चामत्कारिक महापुरुषको प्रतिबिम्बन गर्दछ। अतः शङ्खग्रीव *माधवी* उपन्यासमा एक शक्तिशाली यातुधार्मिक बिम्बका रूपमा उपस्थित छ।

मित्र नागजेयका साथमा अहिच्छत्र पुगेको गालवले वरुणवलीको अनौठो दृश्य देख्दछ। मुख, आँखा, कान, नाक सबैतिरबाट आगोको मुस्लो ओकलिरहेको वरुणको मूर्ति देख्दा गालवले साँच्चीकै जादुमय संसारमा पुगेको महसुस गरेको छ। त्यपछि गालवले आभिचारिक योनीतन्त्र गरिरहेको अनौठो दृश्य समेत देख्दछ। यसरी अहिच्छत्रमा समेत गालवले अनेकौँ तान्त्रिक क्रियाकलाप देख्दछ। यी क्रियाकलापहरू आदिम मानवीय कल्पनाका मिथकीय अभिव्यक्ति हुन्।

यस्तै काशीमा निकै धेरै तान्त्रिक क्रियाकलापहरू गरिएका छन्। त्यहाँ खडेरीको चपेटामा परेका मानिसहरूले गरुडतन्त्र, कैरात उग्रतन्त्र, असुर तन्त्र लगायतका अनेकौँ तन्त्र गरी पानी पार्ने प्रयास गरेका छन्। यसै प्रसङ्गलाई संसद्मा काशी नरेश दिवोदासले दिएको अभिव्यक्तिले थप पुष्टि गर्छ–

> उपस्थित देवगण ! महाजनपदमा तापशमन र मेघवृष्टिनिम्ति प्रचलित धेरै उपायहरू गरिए। वरुण र इन्द्रनिम्ति बलि दिइयो, नाग र गरुडतन्त्र सम्पन्न भए र नारीहरूले निर्ऋति र सिनीवाली देवीनिम्ति कर्षण गरेर भोग दिए, तैपनि वर्षा भएन। महाजनसामु घोर विपद्को स्थिति उपस्थित छ। वर्षानिम्ति अर्को केही तन्त्र, मन्त्र, यज्ञ बाँकी छन् ? संस्थाको निर्णयबाट जुनसुकै कार्य पनि सम्पन्न गरिने छन् र त्यसका निम्ति राजकोषलाई खुला राखिनेछ। (दीक्षित, २०७४, पृ.३२८)

दिवोदासको यस अभिव्यक्तिबाट तत्कालीन काशीका सम्पूर्ण जनताहरू मात्र नभई शाषकहरूले समेत तन्त्रमन्त्रमा विश्वास गर्दथे भन्ने कुराको पुष्टि हुन्छ। यसबाट आदिम मानवले गरेको अलौकिक शक्तिप्रतिको विश्वास प्रतिबिम्बित भएको छ।

काशीमा शङ्खग्रीवको खोजीमा हिँडेको गालव साँझ परेपछि बाटैमा बस्न बाध्य हुन्छ। यसै बेला दुईजना युवायुवती गालवलाई देखेर नराम्रोसँग तर्सिन्छन्। उनीहरूले गालवलाई शङ्खग्रीवले पठाएका कबन्ध जस्तो ठानेर भयभीत हुन्छन्। यसैबेला गालवले दिएको अभिव्यक्ति साँच्चिकै जादुमय छ। गालव भन्छ : ''बढी चिन्ता नगर, मैले आफ्नो तन्त्रबलद्वारा त्यो कबन्धलाई यो वृक्षमा सुकेर भुइँमा झरेका पातमा परिणत गरिदिएको छु। तिमीहरू सबै मिलेर ती पातलाई बटुल र अग्निमा भस्म पारिदेओ अनि त्यो कबन्धले फेरि कहिल्यै दुःख दिन पाउने छैन'' (दीक्षित, २०७४, पृ.३०८)। यस अभिव्यक्तिबाट तत्कालीन समाजले कसरी अलौकिक वा जादुमय शक्तिमा विश्वास गर्दथ्यो भन्ने कुरा छर्लङ्ग हुन्छ। यसरी विभिन्न प्रसङ्गमा आएका तन्त्रमन्त्र र जादुमय कुराहरू आदिम मानवले कल्पना गरेका विभिन्न अफ्ठ्याराहरूबाट आफूलाई मुक्त गराइदिने अलौकिक शक्तिको मिथकीय अभिव्यक्ति हुन्।

### निजन्धरी बिम्ब

निजन्धरी शब्दलाई अङ्ग्रेजी 'लिजेन्डरी'को समानार्थी शब्दका रूपमा प्रयोग गरिएको पाइन्छ। यसको सम्बन्ध मिथक र लोकसाहित्यसँग रहेको हुन्छ। यसअन्तर्गत लोक नायक–नायिका, अप्सरा, इतिहास पुरुष जस्ता लोकले विश्वास गरेका पात्रहरू समेटिन्छन्। मिथकीय स्पर्श पाएका ऐतिहासिक विषय पनि यसै बिम्ब अन्तर्गत पर्दछन् (गड्तौला, २०६८, पृ. १६६)। दन्त्यकथा, भूतप्रेतका कथा, अप्सरा एवं परीकथा आदिसँग सम्बन्धित बिम्बहरू पनि निजन्धरी बिम्ब अन्तर्गत नै पर्दछन्। लक्ष्मणप्रसाद गौतमका अनुसार निजन्धरी बिम्ब प्रत्यय वा लोकबिम्ब हुन् र यस्ता बिम्बले लोकविश्वास र लोकमान्यतालाई संवहन गर्दछन् (गौतम, २०६०, पृ.१२१)। यहाँ *माधवी* उपन्यासमा प्रयुक्त निजन्धरी बिम्बबारे चर्चा गरिन्छ।

*माधवी* उपन्यासमा अनेकौँ लोक प्रसिद्ध नायक, नायिका, ऐतिहासिक पुरुष तथा अलौकिक पात्रहरूको प्रयोग गरिएको छ। उपन्यासकी प्रमुख पात्र माधवी स्वयं विश्वाची नामक अप्सराबाट जन्मिएकी हो भन्ने उल्लेख पाइन्छ। यसै प्रसङ्गमा उपन्यासकार लेख्छन् : ''ययातिले अप्सरा विश्वाचीबाट जन्माएकी माधवीलाई सर्मिष्ठा

मन पराउँदिनथी तथापि माधवीका प्रतिभा, पण्डा, अवधान, नमस्कार र विचारणाले गर्दा शर्मिष्ठाले टाउको निहुराउनु पर्थ्यो'' (दीक्षित, २०७४, पृ.९९) । यसबाट माधवी आफैमा एक निजन्धरी बिम्ब हो भन्ने कुराको पुष्टि हुन्छ । सुधारवादी ऋषिका रूपमा लोकमा प्रसिद्ध विश्वामित्र ऋषि लोक नायकका रूपमा निजन्धरी बिम्ब हुन् । त्यसैगरी ययाति अत्यन्त दानी राजाका रूपमा प्रसिद्ध लोकनायक हो । यस्तै पानी पार्ने देवताका रूपमा प्रसिद्ध स्वर्गका राजा इन्द्रलाई पनि निजन्धरी बिम्बका रूपमा लिन सकिन्छ । अतः *माधवी* उपन्यामा विभिन्न भूमिकामा आएका माधवी, गालव, विश्वामित्र, ययाति, विश्वाची आदिजस्ता लोकप्रसिद्ध पात्रहरूले आदिम मानवले कल्पना गरेका लिजेण्ड पुरुष अर्थात् विशिष्ट क्षमतायुक्त व्यक्ति वा अलौकिक शक्तियुक्त पात्रको प्रतिनिधित्व गरेको पाइन्छ । यसप्रकार *माधवी* उपन्यासमा अप्सरा, लोकप्रसिद्ध नायक, अलौकिक शक्तियुक्त देवता तथा ऐतिहासिक पुरुषहरू निजन्धरी बिम्बका रूपमा उपस्थित देखिन्छन् ।

**देवाख्यान बिम्ब**

धार्मिक आस्था र विश्वासललाई संवहन गर्ने बिम्बलाई देवाख्यान बिम्ब भनिन्छ । यसअन्तर्गत पुराणहरूमा वर्णित देवताहरूका स्वरूप एवं क्रियाकलापहरू समेत पर्दछन् । देवाख्यान बिम्बका माध्यमबाट आदिम समाजका धार्मिक, सामाजिक, नैतिक एवं मनोवैज्ञानिक मूल्यमान्यताका साथै युगीन आस्था, संस्कृति, धार्मिक, नैतिक पक्षहरू व्यक्त भएको देखिन्छ (गड्तौला, २०६८, पृ.१६७) । माधवी उपन्यासमा यस्ता अनेकौं देवाख्यान बिम्बहरूको प्रयोग भएको पाइन्छ । यहाँ तिनै देवाख्यान बिम्बहरूको विश्लेषण गरिन्छ ।

अहिच्छत्रमा मृत्युका देवता मानिने वरुणको धुमधामका साथ पूजा आराधना गरिएको छ । यसबाट वरुणप्रतिको लोक विश्वास प्रतिबिम्बित भएको छ । त्यसैगरी काशीमा खडेरी पर्दा इन्द्रलाई खुसी पार्न अनेक तन्त्रहरू गरिएका छन् । यसबाट तत्कालीन समयमा पानी पार्ने देवताका रूपमा इन्द्रलाई निकै आदर र विश्वास गरिने गरेको स्पष्ट हुन्छ । यसैगरी उपन्यासमा पृथ्वी, आकाश, नदी, सूर्य आदिजस्ता प्रकृतिका अनेकौ रूपहरूलाई देवता ठानी पूजा आराधना गरिएको छ । यसले तत्कालीन समाजको अलौकिक वा दैवी शक्तिप्रतिको विश्वास र श्रद्धाभावलाई प्रतिबिम्बन गरेको छ । अतः *माधवी* उपन्यासमा आदिम मानवले विश्वास र श्रद्धाका साथ पुज्दै आएका प्रकृतिका अनेकौं रूप तथा कल्पित वा विभिन्न पुराणहरूमा वर्णित देवीदेवतालाई देवाख्यान बिम्बका रूपमा प्रयोग गरिएको पाइन्छ । यसले उपन्यासलाई सघन एवं अर्थ गाम्भीर्ययुक्त तुल्याउन मदत गरेको छ ।

**प्रत्यय बिम्ब**

आदिम मानवीय आस्था र विश्वासलाई प्रतिबिम्बित गर्ने बिम्बलाई प्रत्यय बिम्ब भनिन्छ । यसअन्तर्गत आदिम मानवको प्रकृतिसँगको साहचर्य र त्यसबाट निर्माण हुन पुगेको बिशिष्ट धारणा, समाजमा विकसित रूढी एवं धार्मिक छाप जस्ता कुराहरू समेटिन्छन् । विष्णुको नाभिकमलबाट ब्रह्माको उत्पत्ति, शिवको तेस्रो नेत्रबाट संसारको विनाश, शेषनागको शिरमा पृथ्वीको अवस्थिति, कामधेनु र कल्पवृक्षबाट मनकामनाको पूर्ति, भाग्यचक्रजस्ता अनेक विश्वास बिम्बहरू यसअन्तर्गत पर्दछन् (गड्तौला, २०६८, पृ.६१) । *माधवी* उपन्यासमा विभिन्न प्रत्यय बिम्बहरूको प्रयोग गरिएको पाइन्छ । यहाँ तिनै प्रत्यय बिम्बहरूको विश्लेषण गरिन्छ ।

मण्डलक जनपदबाट अहिच्छत्र जान लागेका नागजेय र गालवको यात्रा सहज होस् भनी जवाले गरेका विभिन्न क्रियाकलापमा तत्कालीन समाजका विश्वासहरू प्रतिबिम्बित भएका छन् । यसै प्रसङ्गमा उपन्यासकार लेख्छन्–

> पिँढीमा बस्दै काकबोली, आकाशको रङ्ग तथा आफ्ना नाकका सासका अवस्थाबारे विचार गर्दै शकुन झिकेर जवाले भनी "अब पर्सि सप्तमीको बिहान प्रथम उषामा सम्मुख चन्द्र पारेर अहिच्छत्रतिर आफ्नो पश्चिमयात्रा शुरु गर सुपर्ण ! मित्रकार्य धर्मकार्य हो, अतः त्यसलाई पूरा गर्नु सरल होइन कि कठिन हुन्छ। (दीक्षित, २०७४, पृ.४५)

यसबाट तत्कालीन समाजले कागको आवाज, आकाशको रङ तथा नाडी अवस्थालाई आधार मानेर शुभ-अशुभबारे प्रक्षेपण गर्ने गरेको स्पष्ट हुन्छ। यसका साथै चन्द्रमा र दिशालाई पनि यात्रामा ख्याल गर्नुपर्ने जनविश्वास यस भनाइबाट प्रतिबिम्बित भएको छ। यसैगरी तत्कालीन समाजले सपनामा विश्वास गर्ने गरेका प्रसङ्गहरू ठाउँ ठाउँमा आएका छन् । अग्निशालामा सुतेकी जवाले छाप्रोको पिँढीमा पल्टिएका नागजेय र गालवलाई राती सपनामा आफूले एउटा सिङ्गो नागलाई सलक्क निलेको देखेकाले आफू गर्भवती भएको बताएकी छ। यसबाट तत्कालीन समाजले सपनामाथि विश्वास गर्ने गरेको स्पष्ट हुन्छ। त्यसैगरी काशीमा खडेरीको चपेटामा परेका मानिसहरूले विभिन्न तन्त्रमन्त्र गरी इन्द्रलाई खुसी पार्ने प्रयास गरेका छन् । इन्द्र खुसी भए पानी पारिदिन्छन् भन्ने लोक विश्वास यहाँ प्रतिबिम्बित भएको छ। यो पनि प्रत्यय बिम्ब नै हो ।

काशीमा सूर्यग्रहणको बेला मानिसहरूले गरेका विभिन्न क्रियाकलापहरूले तत्कालीन समाजको ग्रहणप्रतिको धारणा वा विश्वासलाई अभिव्यक्त गर्दछ। यसै प्रसङ्गमा भनिएको छ–

> जनश्रुतिअनुसार कुनै आकाशचारी प्रेतको कारणले आफ्नो प्रकाशका साथै सूर्य स्वयम् लुप्त भएको थियो र पृथ्वी पनि अन्धकारयुक्त थियो । त्यसैले त्यो प्रेतप्रभावबाट मुक्ति पाउन सबैले स्नान गर्नुलाई आवश्यक मानिन्थ्यो । गालवले यज्ञको सर्वशुद्धिस्नाननिम्ति आदेश दियो। राजप्रासादको पुष्करमा सबैले स्नान गरे । त्यसबेला माधवीलाई आफ्नो गर्भे शिशुबारे साह्रै चिन्ता भयो तर ग्रहणको केही दिनपछि उसको गर्भ फेरि चलमलायो । ऊ आश्वस्त भई । (दीक्षित, २०७४, पृ.३६६)

यसप्रङ्गबाट आकाशचारी प्रेतको कारण सूर्यग्रहण लाग्ने र त्यसको प्रभावबाट बँच्नलाई सबैले स्नान गर्नुपर्ने जनविश्वास तत्कालीन समाजमा रहेको बुझिन्छ । यसबाट ग्रहणको बेलामा गर्भवती महिलाहरू विशेष सावधान हुनु पर्ने तत्कालीन समाजमा व्याप्त जनविश्वाससमेत प्रस्तुत भएको छ। यसैगरी खडेरी परेको बेला स्त्रीहरूले निर्वस्त्र भई खेत जोत्नाले इन्द्र खुसी भई पानी पारिदिन्छन् भन्ने लोकविश्वासका कारण गरिएका कृत्यहरूले तत्कालीन समाजमा रहेको लोकविश्वास र देवाख्यान बिम्बलाई प्रकाशित गरेको छ।

## निष्कर्ष

*माधवी* महाभारतको उद्योगपर्वमा वर्णित माधवी र गालवको मिथकलाई उपजीव्य स्रोत बनाई उत्तरवैदिककालीन समाजका संस्कृति, आर्थिक व्यवस्था, राज्य सञ्चालन व्यवस्था, लोकविश्वास आदिजस्ता बहुआयामिक पक्षको चित्रण गर्ने उद्देश्यका साथ लेखिएको उपन्यास हो । यस उपन्यासमा माधवी, गालव, विश्वामित्र, ययाति जस्ता पात्रहरूलाई आदिम मानवका अनुभूति, धारणा र विश्वास संवहन गर्ने आद्यरूपीय चरित्रका रूपमा प्रस्तुत गरिएको छ। यस क्रममा अनेकौँ मिथकीय बिम्ब र प्रतीकहरूको समेत प्रयोग भएको छ। उपन्यासकी केन्द्रीय चरित्र माधवीलाई आदिम मानवका मनोवाञ्छा, प्रेम, करुणा, मातृत्व, नारीप्रतिको सम्मान जस्ता प्रवृत्तिलाई प्रकट गर्नका लागि प्रस्तुत गरिएको छ भने गालवलाई प्रेम, सद्भाव, करुणा, अहम्, हठ आदि जस्ता प्रवृत्तिहरूको प्रस्तुतिका लागि उभ्याइएको छ। त्यसैगरी विश्वामित्रलाई आदिम मानवका सहभाव, क्रुरता, कामुकता तथा क्रोधका प्रतिमूर्तिका रूपमा उभ्याइएको छ। यस उपन्यासमा प्रयुक्त पात्रहरूले आदिम मानवका मूल प्रवृत्तिहरूको प्रतिनिधित्व गर्ने भएकोले ती सबै पात्रहरू आद्यरूपीय चरित्रका रूपमा देखा परेका छन् ।

*माधवी* उपन्यासमा गालव र माधवीजस्ता यायावरीय पात्रको माध्यमबाट तत्कालीन भारतवर्षका विभिन्न स्थानका समाज, संस्कृति, विश्वास, मूल्यमान्यता आदिजस्ता विविध पक्षको चित्रण गरिएको छ। उपन्यासका मुख्य पात्रहरू माधवी र गालव स्वयंमा आद्यरूपीय चरित्र भएकाले उनीहरूले अवलोकन र अनुभव गरेका प्रकृति, भूतप्रेत, तन्त्रमन्त्र, जातीय पहिचानका विविध चिह्नहरू, देवीदेवतासम्बन्धी विश्वास सबै आदिम मानवका अनुभूति, धारणा र विश्वासका रूपमा देखिन्छन् । यस उपन्यासमा मूल कथ्य विषयलाई प्रभावकारी एवं सम्प्रेषणीय बनाउनका लागि विभिन्न मिथकीय बिम्बहरूको प्रयोग गरिएको छ। तीमध्ये आदिम मानवका प्रकृतिपरक र मनोदेहिक प्रथम अनुभवलाई प्रतिनिधित्व गर्ने आद्य बिम्ब; भूतप्रेत, राक्षस आदि अद्भूत भाव तथा आदिम समयको गणगोत्र चिह्न प्रतिबिम्बित गर्ने किमाकार बिम्ब; जादु, टुनामुना, तन्त्रमन्त्र, कर्मकाण्ड, यज्ञ अनुष्ठान आदिलाई प्रतिनिधित्व गर्ने यातुधार्मिक बिम्ब; लोकप्रसिद्ध नायक, नायिका, ऐतिहासिक पुरुष तथा अलौकिक पात्रलाई प्रतिनिधित्व गर्ने निजन्धारी बिम्ब; धार्मिक आस्था र विश्वासलाई प्रतिनिधित्व गर्ने देवाख्यान बिम्ब र आदिम मानवीय आस्था एवं विश्वासलाई प्रतिनिधित्व गर्ने प्रत्यय बिम्ब प्रमुख रहेका छन् ।

यसर्थ *माधवी* उपन्यासमा माधवी र गालवले श्यामकर्ण घोडा प्राप्तिको लागि गरेको देशदेशान्तरको यात्राका क्रममा अवलोकन र अनुभव गरेका प्रकृति, ब्रह्माण्ड, भूतप्रेत, तन्त्रमन्त्र, देवाख्यान तथा लोकविश्वास सम्बन्धित कुराहरू नै मिथकीय बिम्बका रूपमा आएका छन् । माधवी र गालव स्वयमूमा आद्यरूपीय चरित्र भएकोले उनीहरूका अनुभव, अनुभूति, धारणा र विश्वास नै आदिम मानवका अनुभव, अनुभूति, धारणा र विश्वास हुन् । अतः माधवी उपन्यासमा माधवी र गालवले यात्राका क्रममा जे जति अनुभवहरू सँगाले ती नै माधवी उपन्यासका मिथकीय बिम्ब हुन् । अतः प्रस्तुत उपन्यासमा प्रयुक्त मिथकीय बिम्बहरूको अध्ययनबाट आदिम मानवका प्रकृति, ब्रह्माण्ड, जन्म, मृत्यु, देवीदेवता, भूतप्रेत आदि सम्बन्धी धारणा र विश्वासलाई बुझ्न सकिन्छ ।

**सन्दर्भसामग्री**


अब्राम्स, एम.एच्. (१९९३). *अ ग्लोसरी अफ लिटरेरी टर्म्स* (आठौँ संस्क.). बेङ्लोर : प्रिज्म बुक्स प्रा.लि. ।

एटम, नेत्र (२०७४). सङ्क्षिप्त साहित्यिक शब्दकोश. काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

कुप, लरेन्स (१९५०). *मिथ. लन्डन :* रुटलेज ।

कोइराला, कुलप्रसाद (२०६३). *माधवी माथिको अन्तर्दृष्टि.* काठमाडौं : जुपिटर प्रकाशन ।

कोइराला, कुलप्रसाद (२०७५). *उपन्यास र मिथक सिद्धान्तका आलोकमा 'माधवी'*. काठमाडौँ : स्वदेश प्रकाशन ।

गड्तौला, नारायण (२०६८). *नेपाली महाकाव्यको मिथकीय अध्ययन.* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रि. वि. कीर्तिपुर ।

गैरे, ईश्वरीप्रसाद (२०४८). *मदनमणि दीक्षित र उनको माधवी.* अप्रकाशित शोधपत्र, त्रिभुवन विश्वविद्यालय, काठमाडौँ ।

गैरे, ईश्वरीप्रसाद (२०५१). माधवीका केही सन्दर्भ. *उन्नयन.* (अङ्क १६, माघ–चैत). पृ. ४६३–५३२ ।

गैरे, ईश्वरीप्रसाद (२०५२). माधवी उपन्यासको शक्ति र सीमा. *गरिमा.* (वर्ष १३, अङ्क ५, पूर्णाङ्क १४९, बैशाख), पृ५२-५५ ।

गौतम, कृष्ण (२०५९). *आधुनिक आलोचना : अनेक रूप अनेक पठन* (दोस्रो संस्क.). काठमाडौँ : साझा प्रकाशन ।

गौतम, लक्ष्मणप्रसाद (२०६०). *समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण.* ललितपुर : साझा प्रकाशन ।

दीक्षित, मदनमणि (२०३९). *माधवी.* काठमाडौँ : साझा प्रकाशन ।

नगेन्द्र (सन् २००४). *हिन्दी साहित्य का इतिहास.* (तीसौँ संस्क.). दिल्ली : मयूर पेपरबैक्स ।

पौड्याल, एकनारायण (२०७०). *समालोचनाको स्वरूप र पद्धति.* चितवन : विमर्श नेपाल ।

प्रधान, प्रतापचन्द्र (२०५१). मिथकीय निरूपणका सन्दर्भमा माधवी. *उन्नयन.* (अङ्क १६, माघ–चैत), पृ. ५७१-५७५ ।

फ्रायड, सिग्मण्ड (सन् २००७). *मनोविश्लेषण.* अनु.. देवेन्द्रकुमार. दिल्ली : राजपाल एन्ड सन्स ।

बराल, कृष्णहरि (२०६८). मनोविश्लेषण र साहित्य. (दोस्रो संस्क.). काठमाडौँ : अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन प्रा.लि. ।

बराल, कष्णहरि र नेत्र एटम (२०६६). *उपन्यास सिद्धान्त र नेपाली उपन्यास.* ललितपुर : साझा प्रकाशन ।

मल्ल, महेन्द्र (२०६८). *आधुनिक नेपाली उपन्यासमा मिथक.* अप्रकाशित विद्यावारिधि शोध प्रबन्ध ।

मिश्र, मनोरमा (सन्. २००७). *मिथकीय चेतना समकालीन सन्दर्भ.* नयी दिल्ली : वाणी प्रकाशन ।

श्रीवास्तव, जगदीशप्रसाद (१९८५). *मिथकीय कल्पना और आधुनिक काव्य.* वाराणसी : विश्वविद्यालय प्रकाशन ।